"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

खाँदबारी,सङ्खुवासभा ।

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३

चलानी नं. ८३२

मिति २०८२/०७/२८

### सेवा करारमा कर्मचारी पदपुर्ती गर्ने सम्वन्धि सूचना ।।।

### (दोस्रो पटक) सूचना प्रकाशित मितिः २०८२/०७/२८

प्रस्तुत विषयमा संघिय शसर्त अनुदान तर्फको म स्वस्थ मेरो समुदाय स्वस्थः घरटोल प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकामा जनस्वास्थ्य अधिकृत करार सेवामा पदपुर्ती गर्नुपर्ने भएकोले तपशिल वमोजिमको पदमा करार सेवामा रही कामकाज गर्न ईच्छुक, निम्नानुसारको योग्यता पुगेको नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल वमोजिमका विवरणहरु र दरखास्त दस्तुर वुझाएको रसिदसहित आवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | जनस्वास्थ्य अधिकृत/ सातौ तह | १ | १,०००।- | |

उमेरहद लोकसेवा आयोगले तोके अनुसार लागू हुनेछ ।

१) आवश्यक कागजातहरुः व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सो सम्वन्धी प्रमाणपत्रको प्रतिलिपि, दरखास्त दस्तुर वुझाएको रसिद ।

२) आवश्यक शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरी सम्वन्धित काउन्सिलमा दर्ता/नविकरण भएको ।

३) सेवासुविधा र सेवा अवधिः अधिकृत सातौ तहको तलव स्केल र सेवा अवधि २०८३ आषाढ मसान्तसम्म तथा स्थानिय तहले आवश्यक ठानेमा स्थानिय तहको श्रोतबाट तलव भत्ता व्यवस्थापन हुने गरी सेवा अवधि थप गर्न सकिनेछ ।

४) दरखास्त पेश गर्ने अवधिः सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र (तर दरखास्तको अन्तिम दिन सार्वजनिक विदा परेमा सोहि दिनको भोलीपल्ट लगत्तै कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ) ।

५) उमेरहदः २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) हुनुपर्नेछ ।

६) परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता

७) दरखास्त पेश गर्ने स्थानः खाँदबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय (प्रशासन शाखा)

८) परीक्षा मितिः परीक्षा मिति पछि प्रकाशित गरिनेछ ।

नोटः थप जानकारीको लागि खाँदबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय (प्रशासन शाखा)मा सम्पर्क गर्नहुन अनुरोध छ ।

प्रमुख प्रशासकिय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत